नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा विभाग

(विद्यालय शिक्षक व्यवस्थापन शाखा)

सानोठिमी, भक्तपुर

प.सं. ०७४/७५

च.नं. १०४

मिति :-२०७५/०३/२५

**बिषय :- सम्पत्ति विवरण सम्बन्धमा ।**

श्री शिक्षा विकास तथा समन्वय इकाइ,

७७ ओटै जिल्ला ।

प्रस्तुत बिषयमा विद्यालय शिक्षक किताबखानाको च.नं. ५५६७ मिति २०७५/३/१३ को पत्रानुसार भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० तथा अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८ को दफा ३१ (क) अनुसार सार्वजनिक पद धारण गरेको व्यक्तिले पहिलो पटक नियुक्त भएकोमा नियुक्ति पाएको ६० दिनभित्र र सबै विद्यालय शिक्षक कर्मचारीले आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र आफ्नो वा आफ्नो परिवारको नाममा भएको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक सम्पत्ति विवरण पेश गर्नुपर्ने प्रावधान भएकोले आर्थिक वर्ष ०७४/७५ को शिक्षक तथा कर्मचारीको सम्पत्ति विवरण विद्यालय शिक्षक किताबखानाको संलग्न पत्रानुसार भर्ने/भराउने व्यवस्था मिलाउन हुन निर्देशानुसार अनुरोध छ ।

.........................

(अर्जुनबहादुर शाही)

शाखा अधिकृत

फोन नं. ६६३४१७८, ६६३४१७९, ६६३४१८०, ६६३१०७५, ६६३१९७१, ६६३१९७४, ६६३३०२८, फ्याक्स नं. ६६३१९७२, ६६३१९७३, ६६३३६२४

वेभसाइट:- www.doe.gov.np

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
विद्यालय शिक्षक किताबखाना
म्यूजियम मार्ग, छाउनी, काठमाडौं ।

फोन नं.:- -४६७२८२३
-४२८३०२३
फ्याक्स:- ४२८४९००

प.सं.
च.न ५५६७

मिति:-२०७५।०३।१३

विषय:- शिक्षकले सम्पति विवरण बुझाउने सम्वन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाई
७७ जिल्ला ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० तथा अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८ को दफा ३१ (क) अनुसार सार्वजनिक पद धारण गरेको व्यक्तिले पहिलो पटक नियुक्त भएकोमा नियुक्ति पाएको ६० दिन भित्र र सबै विद्यालय शिक्षक कर्मचारीले आर्थिक वर्ष समाप्त भएको ६० दिन भित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक सम्पत्ति विवरण पेश गर्नुपर्ने कानुनी प्रावधान भएकोले आ.व ०७४/७५ को त्यस जिल्ला अन्तर्गत रहेका शिक्षक कर्मचारीहरुको सम्पत्ति विवरण देहाय अनुसार खामको बाहिर लेखी दाखिला गर्नु /गराउन हुन अनुरोध छ ।

| | |
|---|---|
| शिक्षकको नामथर : | संकेत (सिटरोल)नं. : |
| तह: | जिल्ला : |
| श्रेणी : | मोवाइल नं. : |
| कार्यरत विद्यालय र ठेगाना : | इमेल ठेगाना : |

१.सम्पत्ति विवरण फाराम यस कार्यालयको website www.stro.gov.np मा उपलव्ध छ ।

**२.अस्थायी, राहत, करार उ.मा.वि.मा अनुदान प्राप्त शिक्षक वा.वि.के. सहयोगी कार्यकर्त्ता_आदिको सम्पति विवरण जिल्ला शिक्षा कार्यलयमा नै बुझी संकलन गर्ने भन्ने शिक्षा मन्त्रालयको मिति २०७२/२/१७ मा सचिवस्तरीय निर्णय भएकोले हाल लाई शिक्षा विकास तथा समन्वय ईकाइले नै सोही अनुसार व्यवस्थापन गर्ने गराउने ।**

३.पूर्ण विवरण भरी सिलबन्दी गरेको सम्पत्ति विवरण रहेको खाम यस आर्थिक वर्षको लागि २०७५।०५।२९ गते सम्म विद्यालय शिक्षक किताबखानामा दाखिला गरी सक्नुपर्नेछ । शिक्षा विकास तथा समन्वय इकाईले जम्मा गरी वा सम्वन्धितले हुलाक तथा कुरिएर मार्फत पठाइएको सम्पत्ति विवरण तोएिको अवधि २०७५ भाद्र २९ गते भित्र अनिवार्य रुपमा यस किताबखानामा आई पुग्नु पर्नेछ । सम्पत्ति विवरण बुझाउने अन्तिम दिन सार्वजनिक विदा परे सम्पत्ति विवरण दर्ता गर्ने प्रयोजन लागि यस किताबखाना खुल्ला रहनेछ । संकेत नं. नमिलेको, तोकिएको मिति भन्दा पछि प्राप्त भएको सम्पत्ति विवरण दर्ता गरिने छैन ।

४.अध्ययन, असाधारण र अन्य बिदा, लामो काज वा निलम्बनमा रहेका शिक्षकको सार्वजनिक पद धारणा गरेकै अवस्था हुने भएकोले म्याद भित्र सम्पत्ति विवरण बुझाउने दायित्व शिक्षकको हुनेछ ।

५.आ.व.०७४।०७५ भित्र (अर्थात २०७४ श्रावण १ देखि २०७५ आषाढमसान्त सम्म) सेवा निवृत्त भएको शिक्षकले समेत उपर्युक्त अनुसार सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

(सुरेन्द्र आचार्य)
उपनिर्देशक

<u>वोधार्थ :</u>
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्री शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।
श्री क्षेत्रीय शिक्षा निर्देशानलय, सबै ।